**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०१ अक्तूबर २०२३

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा एक तारिख, एक घन्टा, एक साथ स्वच्छता अभियान सम्पन्न।

२. आज तेलंगनामा प्रधानमन्त्री नरेन्द्र मोदीले विभिन्न परियोजनाहरूको उद्घाटन र शिलान्याश गर्नुहुँदै केन्द्रीय आदिवासी विश्वविद्यालय स्थापन गर्ने घोषणा गर्नुभयो।

३. पश्चिम बंगालका राज्यपालले राज्याक ६ वटा विश्वविद्यालयमा उपकुलपति नियुक्त गर्नुभयो।

४. भाजपाको श्रमिक संगठनले चियाबगान र सिन्कोना बगानहरूका श्रमिकहरुका पक्षमा ठूलो जनसभा आयोजना गर्यो।

**पी.एम स्वच्छता एक घण्टा**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज देशभर 'स्वच्छता ही सेवा' महाअभियानको नेतृत्व गर्नुभयो। फिटनेस प्रशिक्षक अंकित बैयानपुरियासँगै स्वच्छता अभियानमा प्रधानमन्त्री मोदी सहभागी हुनुभयो। श्री मोदीले अंकित बैयानपुरियासँग कुराकानी गर्नुभयो, अनि शारीरिक स्वस्थता कायम राख्नुपर्ने आवश्यकताबारेमा जोड दिनुभयो। प्रधानमन्त्रीले स्वच्छता अभियानका क्रममा श्री बैयानपुरियासँगको कुराकानीको भिडियो पनि सामाजिक सञ्जालमा सेयर गगर्नुभएको छन्। प्रधानमन्त्री मोदीको 'एक तारिख, एक घण्टा एक साथ' स्वच्छताको आह्वानमा आज देशभरका जनता सहभागी भए। महात्मा गान्धीको जन्मजयन्तीको पूर्वसन्ध्यामा श्रद्धाञ्जली अर्पण गर्न, श्री मोदीले आज बिहान दश बजे स्वच्छता अभियानमा एक घण्टा श्रमदान गर्न नागरिकहरूलाई अपील गर्नुभएको थियो। पछिल्लो 'मन की बात' कार्यक्रममा पनि प्रधानमन्त्रीले आजको स्वच्छता अभियानमा सहभागी हुन समय निकाल्न आग्रह गर्नुभएको थियो। यस अवसरमा बजार परिसर, रेलमार्ग, जलस्रोत, पर्यटन, पूजास्थललगायत सार्वजनिक स्थलमा स्वच्छता कार्यमा सबै वर्गका मानिसहरू सहभागी भएका थिए। भारतीय जनता पार्टीका अध्यक्ष जे.पी. नड्डा, केन्द्रीय मन्त्री भूपेन्द्र यादव, धर्मेन्द्र प्रधान, डा जितेन्द्र सिंह, हरदीप सिंह पुरी, मीनाक्षी लेखी र राजीव चन्द्रशेखर र अन्य नेताहरू पनि सहभागी थिए। यस अभियानमा देशका शहरी तथा ग्रामीण क्षेत्रका छह लाख चालीस हजारभन्दा बढी स्थानमा श्रमदान गरिएको छ। लगभग एक लाख आवासीय क्षेत्रमा आवासीय कल्याण समितिहरूले श्रमदानमा भाग लिए। लगभग एक लाख आवासीय क्षेत्रमा श्रमदान उपलब्ध गराउन संघहरू पनि अघि आएका छन्। यसमा सर्वसाधारणसँगै सेना, नौसेना तथा वायुसेना, राष्ट्रिय आपदा मोचन बल, केन्द्रीय अनुसन्धान ब्यूरो र अन्य विभागका कर्मचारीहरूले पनि स्वच्छ अभियानमा भाग लिए।

****** ० ******

**सिक्किम स्वच्छता ही सेवा**

सिक्किमको राजधानी गान्तोकमा 'स्वच्छता ही सेवा' अभियानअन्तर्गत आज जेएन रोडमा पर्ने तीन माइल, चेकपोस्टमा राज्यस्तरीय स्वच्छता दिवस पालन गरियो। यस अवसरमा आयोजित राष्ट्रिय श्रमदान 'एक तारिख एक घण्टा एक साथ'मा सिक्किमका राज्यपाल लक्ष्मण प्रसाद आचार्य र मुख्यमन्त्री प्रेमसिंह तामाङ सहभागी बन्नुभयो। यस कार्यक्रम राज्य ग्रामीण प्रबन्धन एवं विकास विभाग र हेमन्त यादव फाउण्डेशनद्वारा संयुक्त रूपमा आयोजन गरिएको थियो। कार्यक्रममा राज्यपालले सहभागीहरूलाई स्वच्छताको शपथ ग्रहण गराउनुभयो। मुख्यमन्त्री प्रेमसिंह तामाङले पत्रकारहरूसित कुराकानी गर्नुहुँदै प्रधानमन्त्री नरेन्द्र मोदीको अभियानलाई सराहना गर्नुभयोस उहाँले स्वच्छ भारत अभियानमा सिक्किमको महत्वपूर्ण योगदान रहेको बताउनुभयो। यस अवसरमा मन्त्रीगण, विधायकगण, विभागीय प्रमुखहरू, विद्यार्थीहरू तथा अन्य गणमान्य व्यक्तिहरू पनि उपस्थित थिए।

****** ० ******

**पी.एम तेलेंगना**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज तेलंगानाको भ्रमणको क्रममा राष्ट्रिय हर्दी बोर्डको गठन र मुलुगमा सम्माक्का-सरक्का केन्द्रीय आदिवासी विश्वविद्यालय स्थापना गर्ने घोषणा गर्नुभयो। महबूब नगरमा धेरै विकास परियोजनाको उद्घाटन र राष्ट्रलाई समर्पण गर्नुभएपछि जनसभालाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्रीले हर्दी उत्पादक किसानका लागि हर्दी बोर्डले विभिन्न प्रकारले सहयोगी साबित हुने बताउनुभयो। यस अवसरमा प्रधानमन्त्रीले नौ सय करोड रुपियाँको लागतमा आदिवासी विश्वविद्यालय निर्माण गर्ने घोषणा गर्नुभयो। पूर्वाधार र विकास परियोजनाहरूले यस क्षेत्रमा आर्थिक गतिविधिलाई टेवा पुर्याउने र जमानिसहरुका लागि रोजगारीको नयाँ अवसर सिर्जना गर्ने उहाँले बताउनुभयो। खाद्य प्रशोधनका लागि ठूलो फूड पार्कको उल्लेख गर्नुहुँदै प्रधानमन्त्रीले विशेषगरी हनुमकोंडा, वारंगल र महबुबनगर जिल्लाका मानिसहरूलाई फाइदा पुग्ने बताउनुभयो।

****** ० ******

**जी.एस.टी अनलाइन**

आजदेखि अनलाइन गेमिंग, सट्टेबाजी, केसिनो, जुवा खेल्न, घोड़ा दौड़ अनि लटरी माथि वस्तु अनि सेवाकर अर्थात जी.एस.टी-को दरमा वृद्धि भएर २८ प्रतिशत भएको छ। वित्त मन्त्रालयले यस सम्बन्धमा अधिसूचना जारी गरेको छ। यी सेवाहरूमाथि जी.एस.टी दर बढ़ाउने फैसला यस वर्ष अगस्तमा जी.एस.टी परिषदको ५१ औं बैठकममा लिइएको थियो।

****** ० ******

**राजनाथ सिंह**

रक्षा मन्त्री राजनाथ सिंहले आज दिल्ली क्यान्टोनमेन्टमा रक्षा लेखा विभागको २७६ औं वार्षिक दिवस समारोहमा विभिन्न डिजिटल पहलहरू अनावरण गर्नुभयो। लेखा विभागका यी डिजिटल पहलहरूमा रक्षा मन्त्रालयको लागि समेकित रक्षा फाइनेन्स डैशबोर्ड-सारांश, रक्षा मन्त्रालयको लागि बजेट र व्यय-विश्वास, बिल सूचना र कार्य विश्लेषण प्रणाली तथा ई-रक्षा आवास सामेल छन्। यस अवसरमा श्री सिंहले रक्षा लेखा विभागको लामो यात्राको प्रशंसा पनि गर्नुभयो।

****** ० ******

**पश्चिम बंगाल उपकुलपति**

पश्चिम बंगालका राज्यपाल डाक्टर सी.भी. आनन्द बोसले राज्यका छह वटा विश्वविद्यालयमा फेरि एकपटक अन्तरिम उपकुलपति नियुक्त गर्नुभएको छ। राजभवनबाट जारी गरिएको विज्ञप्तिमा भनिएको छ, राज्यपालले प्राध्यापक प्रोफेसर अचिन्त्य साहलाई मुर्शिदाबाद विश्वविद्यालयको अन्तरिम उपकुलपति नियुक्त गर्नुभएको छ। त्यसैगरी प्राध्यापक बी बी पारिदालाई महात्मा गान्धी विश्वविद्यालयको अन्तरिम उपकुलपति, प्राध्यापक निखिल चन्द्र रेलाई कोचबिहार पञ्चानन विश्वविद्यालयको अन्तरिम उपकुलपति, प्राध्यापक रथिनलाई लीपुरद्वार विश्वविद्यालयको अन्तरिम उपकुलपति, प्राध्यापक दिलीप माइतीलाई विश्व बंगला विश्वविद्यालयको अन्तरिम उपकुलपति र सी एम रवीन्द्रन (सेवानिवृत्त आईपीएस अधिकारी)लाई उत्तर बंगाल विश्वविद्यालयको अन्तरिम उपकुलपति नियुक्त गरिएको छ। विश्वविद्यालयमा उपकुलपति नियुक्तिको विषयलाई लिएर राज्य सरकारसँग राज्यपालको विवाद चलिरहेको छ। राज्यपालले विभागसँग परामर्श नगरी उपकुलपतिहरू नियुक्त गरेको शिक्षा विभागले लगातार आरोप लगाउँदै आएको छ।

****** ० ******

**बीजेपी रयाली**

भारतीय जनता पार्टीले आज सिलगढ़ीको दागापुरमा उत्तर बंगालका चिया श्रमिकहरू साथै सिन्कोना बगानका श्रमिकहरूको विभिन्न माग र समस्यलाई लिएर आज एउटा विशाल जनसभाको आयोजना गरयो। यस अवसरमा केन्द्रीय मन्त्री स्मृति इरानीले पश्चिम बंगालकी मुख्यमन्त्रीमाथि कटाक्ष गर्दै भन्नुभयो- चाय सुन्दरीको जुन योजना छ र त्यसरमा जुन भ्रष्टाचार छ त्यसले न त चिया बगान नै रहन्छ न त चिया श्रमिक नै रहन्छ। यसले चिया बगान अवश्य खतम भएर जान्छ, दार्जीलिङ पहाड़का र डुवर्स अनि तराइका चिया बगान र सिन्कोना बगानद्वारा चल्ने उद्योग पनि समाप्त भएर जान्छ। उहाँले केन्दको मोदी सरकार चिया श्रमिक तथा चिया उद्योग दुवैलाई टेवा दिन कृत संकल्प छ। यस सन्दर्भमा केन्द्रले बगानमा काम

गर्ने श्रमिकहरूको कल्याणका लागि न्यूनतम ज्याला कानून पास गरे तापनि पश्चिम बंगाल सरकारले त्यसलाई लागू नगरेको आरोप लगाउनु भयो। यस जनसभामा केन्द्रीय मन्त्री जोन बारला, उत्तर बंगालका सबै बीजेपी सांसदहरू अनि विधायकहरू लगायत बीजेपीका कतिपय केन्द्रीय नेता अनि राज्यका नेताहरू उपस्थित थिए।

****** ० ******

**परफ्यूम फ्याक्ट्री**

महानगर कलकताको इलियट रोड स्थित एउटा परफ्यूम गोदाममा हिज राती भयानक आगो लागेको खबर प्राप्त भएको छ। दमकल विभागको धेरै गाड़ी घटनास्थलमा पुगे पछि कड़ा मेहनत पछि आगोलाई नियन्त्रणमा ल्याउन सफल भए। यद्यपि घटनामा ज्यानमालको क्षति भएको सूचना छैन। पुलिस सूत्रले बताए अनुसार हिज राती लगभग ६ बजे इलियट रोड स्थित परफ्यूम गोदाममा आगो लाग्यो अनि केही क्षणमै तीव्र रूप लियो। गोदाममा धेरै मात्रामा प्लास्टिकको सामान अनि विभिन्न प्रकारका खानाको प्याकेट राखिएको थियो। अहिलेसम्म क्षतिको अनुमान लगाउन सकिएको छैन।

****** ० ******

**मंग्पू**

आज मंग्पू स्थित रविन्द्र भवनमा सर्वनाम समूह अनि हिल टाइम्-न्यूज च्यानलको संयुक्त आयोजनामा डुवर्स एक्सप्रेसका सामाजिक अभियन्ता राजु नेपालीलाई हिल टाइम्स् साहसिक पुरस्कार प्रदान गरियो। यसै गरी टेलिग्राफ दैनिकका सह-सम्पादक श्री विवेक छेत्रीलाई हिल टाइम पत्रकार पुरस्कारद्वारा अलंकरण गरियो। त्यसपछि सर्वनाम समूहको पक्षबाट चन्द्रयान ३ का वैज्ञानिक निरूपम शर्माका माता पिता लगायत आकाशवाणी खरसाङका कार्यक्रम निष्पादक पारस चन्द्र आले लगायत समाजमा विशेष योगदानका लागि विभिन्न व्यक्तिहरूलाई सम्मान गरियो।

****** ० ******

**शशिप्रभा स्मृति**

दोस्रो शशिप्रभा स्मृति पुरस्कार २०२३ 'नुनको चिया' उपन्यासलाई आज सालबारीमा सम्पन्न भएको हाम्रो किताब घरद्वारा आयोजित कार्यक्रममा प्रदान गरियो। साहित्यकार नरबहादुर दाहाल अनि शशी प्रभा बान्तवको आत्म शान्तिको कामना गर्दै दुई मिनटको मौन धारणपछि शुरू गरियोस यसी कार्यक्रममा विजय बान्तवा कैलासीको छैटौं कृति उपन्यास 'उत्ताल'को पनि लोकार्पण गरियो। नूनको चिया उपन्यासका मूल लेखक विमल लामा र अनुवादक शमीक चक्रवतीलाई दोस्रो शशिप्रभा स्मृति पुरस्कार प्रदान गर्दै नगद राशि पचास हजार, स्मृति चिन्ह प्रदान गरियो।

****** ० ******

**मिरिक टेन के रन**

मिरिकमा मिरिक टेन-के रन (MIRIK &Ten K RUN) आज मिरिकमा सफलतापूर्वक सम्पन्न भयो। यस दौडमा विशेष गरि मिरिकलगायत भारत र नेपालका सयौं धावकहरुले भाग लिए। दौड दुई वर्गमा विभाजन गरिएको थियो।

****** ० ******

**बंगाल मौसम**

अहिलेघरि पश्चिम बंगालको राजधानी कोलकातालगायत राज्यका अन्य भागहरूमा वर्षाको क्रम  जारी रहेको छ। मौसम विभागले आज बताएअनुसार पछिल्लो चौबीस घण्टामा कोलकातामा ५७ दशमलव चार मिलिमिटर वर्षा भएको जनाएको छ। यसलाई अहिलेसम्मकै उच्च रेकर्ड मानिएको छ।

****** ० ******

***********